केन्द्रीय दैवी प्रकोप उद्धार समितिको मिति २०७४ साल भाद्र २७ गते मङ्गलबार बसेको बैठकको निर्णयहरुः

निर्णय नं. १

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित क्षेत्रहरुमा पीडितहरुलाई उद्दार, राहत तथा प्राथमिक उपचारमा सहयोग पुर्‍याउने स्थानीय स्वम्सेवी, स्थानीय तहका पदाधिकारी, सकारी निकायका कर्मचारी, सुरक्षाकर्मी, राजनीतिक दलका पदाधिकारी/प्रतिनिधी, नेपाल रेडक्रस सोसाइटी, निजी क्षेत्र, संचारकर्मी, सामाजिक तथा गैरसरकारी संघसंस्थाहरु लगायत सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई सहयोगीहरुलाई केन्द्रीय दैवी प्रकोप उद्दार समितिको यस बैठकले हार्दिक धन्यवाद प्रकट गर्दछ ।

निर्णय नं. २

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित भएका जिल्लाहरुमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४।४।२९ को निर्णयानुसार नेपाल सरकारका प्रशासनिक निकायहरु, सबै सुरक्षा अंगहरु, सबै स्थानीय निकायहरु, निजी क्षेत्र, सामाजिक क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी प्रभावकारी उद्दार, राहत, उपचार एवम् बसोबासको व्यवस्था युद्धस्तरमा मिलाउने क्रममा प्रभावित जिल्लाहरुमा तत्काल राहत स्वरुप खाद्यान्न उपलब्ध गराउँन पायक पर्ने तथा नजिकका जिल्ला प्रशासन कार्यालयहरुः भक्तपुर, काठमाडौं, मोरङ, धनुषा, पर्सा, मकवानपुर, चितवन र बाँके (८ जिल्लाहरु) बाट स्थल तथा हवाई मार्गबाट खाद्यान्न लगायतका राहत सामग्रीहरु खरिद गरी ढुवानी समेत गर्दा भएको देहाय बमोजिमको रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट सम्बन्धित जिल्लाका जिल्ला दैवी उद्दार कोषहरुमा निकासा दिने निर्णयका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

क) भक्तपुरः रु. ५,९०,०००।००
ख) काठमाडौः रु. १,६९,२३५।००
ग) मोरङः रु. ९५,००,७१५।१५
घ) धनुषाः रु. ११,०७,२२०।००
ङ) पर्साः रु. १६,७६,२१०।५०
च) मकवानपुरः रु. ३,९८,४५०।००
छ) चितवनः रु. ६,६२,८४८।७६
ज) बाँकेः २,९३,४९३।००

जम्मा खर्च रु. १,४३,१९,५४७।४१(एक करोड त्रिचालीस लाख उन्नाइस हजार पाँच सय सड्चालीस रुपैया एकचालीस पैसा)

निर्णय नं. ३

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित भएका जिल्लाहरुमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४।४।२९ को निर्णयानुसार

प्रभावकारी उद्दार, राहत एवम् उपचारको व्यवस्था युद्धस्तरमा मिलाउने क्रममा प्रभावित जिल्लाहरुमा आपूर्ति मन्त्रालय अन्तर्गतको नेपाल खाद्य संस्थानबाट विभिन्न जिल्लाका लागि चामल तथा सिमि उपलब्ध गराएकोमा नेपाल खाद्य संस्थानबाट माग भई आएको रकम रु. ३,९९,९३,१४१।५० (तीन करोड उनान्सय लाख त्रियानब्बे हजार एक सय एकचालीस रुपैया पचास पैसा) सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार समितिले बुझेको भर्पाईको आधारमा केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट आपूर्ति मन्त्रालय मार्फत् नेपाल खाद्य संस्थानलाई निकासा दिने निर्णयका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

निर्णय नं. ४

क) मिति २०७४।४।२ देखि २०७४।५।१९ गते सम्म नेपाली सेनाको हेलिकोप्टरबाट विभिन्न स्थानहरुमा उद्दार तथा राहत सामग्री ढुवानीका लागि प्राप्त बील बमोजिमको रकम रु. ३,३९,०४,०५४।०१ (तीन करोड उनन्चालीस लाख चार हजार चौवन्न रुपैया एक पैसा) केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट भुक्तानी गर्ने ।

ख) मिति २०७४ श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित भएका जिल्लाहरुमा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४।४।२९ को निर्णयानुसार उद्दार तथा राहत सामग्री प्रभावित जिल्लाहरुमा निजी हेलिकोप्टर र हवाईजहाजहरु प्रयोग गर्दा भएको देहाय अनुसारको भाडा रकम केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट भुक्तानी गर्ने निर्णयका लागि नेपाल सरकार समक्ष सिफारिश गर्ने ।

यति/तारा एयरलाइन्सः अमेरिकी डलर २२,५००।-
श्रीएयरलाइन्सः अमेरिकी डलर ७४,२००।-
एयर डाइनेष्टीः अमेरिकी डलर २२,४००।-
सिम्रिक एयरः अमेरिकी डलर १४,०००।-
फिस्टेल एयरलाइन्सः अमेरिकी डलर १४,३६०।-
अल्टीटयुड एयरलाइन्सः अमेरिकी डलर ९,७६७।-
हेलि एभरेष्टः बील प्राप्त नभएको ।

निर्णय नं. ५

मिति २०७४।४।५ देखि २०७४।५।२६ सम्म नेपाल सरकारको प्रचलित मापदण्ड बमोजिम तथा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।४।२९ र मिति २०७४।४।३१ को निर्णयानुसार प्रकोपमा परी मृत्यू हुने मृतकको नजिकका हकदारलाई प्रति मृतक रु. २ लाख आर्थिक सहायता दिने र २०७४ साल श्रावण महिनाको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित जिल्लाका संकटको अवस्थामा रहेका सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार समितिबाट यकिन भएका पीडितहरुलाई खाद्यान्न खरिद गर्नका लागि प्रति व्यक्ति प्रति दिन रु. ७०।–का दरले ३० दिनका लागि एकमुष्ट नगदै राहत उपलब्ध गराउन समेतका लागि विभिन्न मितिमा केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार कोषहरुमा पठाएको निकासा रकम रु. ९७ करोड ९८ लाख ४७ हजार ४९४ को खर्च समर्थन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय

निर्णय नं. ६

Asian Disaster Reduction Center को १ मे, २०१७ को पत्रबाट आर्थिक वर्ष २०१७ को सदस्य देशले भुक्तानी गर्नुपर्ने सदस्ता शुल्क वापतको रकम अमेरिकी डलर ५,२०० सम्बन्धित संस्थालाई केन्द्रीय दैवी प्रकोप उद्दार कोषबाट भुक्तानी दिने।

निर्णय नं. ७

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा भएको क्षतिको अद्यावधिक विवरण सम्बन्धित जिल्ला दैवी प्रकोप उद्दार समितिहरुबाट १ हप्ताभित्र लिई सक्ने ।

निर्णय नं. ८

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण तराई मधेस लगायतका प्रभावित भएका जिल्लाहरुमा निजी घरहरु ठूलो संख्यामा पूर्ण रुपमा क्षति भएकोले यस्ता बाढी तथा डुवान प्रभावित क्षेत्रमा उपयुक्त हुने घरको डिजाइन तथा लगत स्टीमेट तयार गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको संयोजकत्वमा शहरी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका प्राविधिकहरु सदस्य रहने गरी एक उच्चस्तरीय कार्यदल गठन गरी १ हप्ताभित्र प्रतिवेदन लिन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

(क) यस कार्यदलले हाल चालु रहेका जनता आवास कार्यक्रम लगायत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत संचालित यस्तै प्रकृतिका कार्यक्रमहरुसँग समेत तादाम्यता मिलाई कार्यान्वयन गर्ने मोडालिटी समेत पेश गर्ने ।

(ख) यस कार्यदलबाट प्राप्त डिजाइन तथा लागत अनुमानका आधारमा हाल प्रभावित क्षेत्रमा पुनर्स्थापना तथा पुनर्निर्माण गर्न ईच्छुक निजी क्षेत्र तथा सामाजिक संघसंस्थाहरुलाई स्थानीय रितिरिवाज, संस्कृति र सामाजिक सद्भावमा खलल नपुर्‍याउने तथा नदोहोरिने गरी जिल्ला दैवी प्रकोप उद्दार समिति र सम्बन्धित स्थानिय तहले प्रचलित कानुनबमोजिम निर्णय गरी बस्ती विकास तथा घर निर्माण गर्न सहमति दिने ।

(ग) यस्तो डिजाइन तथा लागत अनुमान अनुसार विस्थापितहरुको घर निर्माण कार्य ६ महिनाभित्र सम्पन्न गर्न आवश्य बजेट समेतको व्यवस्था गरी जिल्ला दैवी प्रकोप उद्दार समितिको समन्वयमा सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्राविधिक जनशक्ति खटाई काम गर्ने गराउने ।

निर्णय नं. ९

आगलागी लगाय्तका विपद्का घटनाहरुबाट फुसको छानो भएका घरहरु बढी मात्रामा जोखिममा रहने हुँदा फुसका घर भएका घरधनीलाई जस्तापाता उपलब्ध गराई फुसको घरमुक्त गाउँबस्ती बनाउन आवश्यक योजना तर्जुमा गरी कार्यान्वयन गर्न गराउन शहरी विकास मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय

निर्णय नं. १०

बागलुङ जिल्लाको ढोरपाटन न.पा. वडा नं. ६ साविक अधिकारीचौर गा.वि.स. वडा नं. ५ मा २०७३ श्रावण १० र ११ गतेको वर्षाका कारण क्षति भएका ७७ घरपरिवारहरुलाई लाभग्राही सूचीमा राखी जोखिम युक्त बस्ती स्थानान्तरण तथा पुर्स्थापना सम्बन्धी कार्यविधि, २०७३ बमोजिम स्थानान्तरण एवं पुर्नवास गर्न गराउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने ।

निर्णय नं. ११

विपद् पश्चातको खोज, उद्दार र राहतका लागि साधन स्रोत र औजार उपकरणको कमी हुन नदिन सबै सुरक्षा निकाय र स्थानीय प्रशासनलाई आवश्यक पर्ने औजार उपकरण र प्रविधिका सम्बन्धमा अध्ययन गरी कार्य सुरु भएको मितिले १ हप्ताभित्र प्रतिवेदन पेश गर्न गृह मन्त्रालय विपद् व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका विपद् व्यवस्थापन हेर्ने प्रमुखहरु सदस्य तथा विपद् जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखाका प्रमुख सदस्य सचिव रहेको समिति गठन गर्ने ।

निर्णय नं. १२

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण वेपत्ता रहेको व्यक्तिका नजिकका हकदारलाई कानुनी प्रकृया पूरा गरी मृतकका हकमा दिए सरहको राहत रकम उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्दार समितिलाई निर्देशन दिने ।

निर्णय नं. १३

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण कृषिबाली तथा पशुपंक्षी पूर्ण रुपमा क्षति भएका घर-परिवार र व्यवसायको क्षतिको कृषि विकास मन्त्रालय र पशुपंक्षी विकास मन्त्रालयले संयुक्त रुपमा यथार्थ विवरण सहितको कार्ययोजना तयार गरी पेश गर्न अनुरोध गर्ने ।

निर्णय नं. १४

मिति २०७४ साल श्रावणको अन्तिम हप्ता भएको अविरल वर्षा संगै आएको बाढी, पहिरो तथा डुवानका कारण प्रभावित क्षेत्रहरुमा पीडितहरुलाई उद्दार, राहत तथा उपचारमा विशेष सहयोग गर्ने संगठन, स्थानीय तह, सामाजिक संघसंस्थाहरुलाई पुरस्कार दिनका लागि सिफारिश गर्न प्रभावित जिल्लाका जिल्ला दैवी प्रकोप उद्दार समितिहरुलाई निर्देशन दिने ।

निर्णय नं. १५

चुरे क्षेत्रबाट भू-क्षय भई गेग्रानहरु बगी तराई मधेशमा नदी उकास भई आउने बाढी तथा डुवानबाट हुने क्षतिको न्यूनीकरण गर्न तथा संरक्षणका कार्यक्रमहरु मार्फत जमिन मुनीको पानीको सतहलाई थप घट्न

नदिन राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, वन तथा भू-संरक्षण मन्त्रालय एवम् जल उत्पन्न प्रकोप व्यवस्थापन विभागले संयुक्त रुपमा संरक्षण कार्यक्रम बनाई कार्यान्वयन गर्न अनुरोध गर्ने ।

निर्णय नं. १६

ठूला नदी संरक्षण तथा नदी नियन्त्रणका लागि उर्जा मन्त्रालय र सिंचाई मन्त्रालयले संयुक्त अध्ययन टोली बनाई संरक्षण सम्बन्धी योजना वनाउन अनुरोध गर्ने ।

निर्णय नं. १७

आगो निभाउने नयाँ प्रविधि सहितको दमकल सेवाको व्यवस्थापन गरी आगलागीबाट वर्षै पिच्छे हुने जनधनको क्षति न्यूनीकरण गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना सहितको प्रतिवेदन पेश गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयोजकत्वमा सुरक्षा निकायहरुका प्रतिनिधीहरु सम्मिलित समिति गठन गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं. १८

प्रकोप पीडित उद्दार र राहतसम्वन्धी मापदण्ड, २०६४ को दफा २ को च) मा घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नु पर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रय स्थल निर्माण गरी व्यवस्था गर्नु पर्ने अवस्थाका परिवारलाई प्रति परिवार रु. २०,०००।- (वीस हजार) सम्म आर्थिक सहयोग उपलब्ध गराउने । यस्तो सहयोग जिल्ला दैवी प्रकोप उद्धार समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर मात्र दिने । साथै विशेष परिस्थितीको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा जिल्ला दैवी प्रकोप उद्धार समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा सिफारिस सहित अनुरोध गरेमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिले थप रु. १५०००।- (पन्ध्र हजार) सम्म प्रति परिवार उपलब्ध गराउने उल्लेख भएको प्रावधानलाई संशोधन गरी क्रमशः रु. ५०,०००।- (पचास हजार) र रु. ५०,०००।- (पचास हजार) कायम गराउन नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष सिफारिश गर्ने ।

Bishnu